# व्यावसायिक तथा सीपमूलक तालिम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८१

व्यावसायिक तथा सीपमूलक तालिम सञ्चालन कार्यविधि, २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले प्रदेश सुशासन नियमावली, २०७७ को नियम ९ को अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाएको छः

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम " व्यावसायिक तथा सीपमूलक तालिम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **व्यावसायिक तथा सीपमूलक तालिम सञ्चालन कार्यविधि, २०८० को दफा ११ मा संशोधनः** व्यावसायिक तथा सीपमूलक तालिम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८१ (यसपछि "मूल कार्यविधि" भनिएको) को दफा ११ को ;-

(१) उपदफा (२) को तालिकाको क्र.सं. १ को शैक्षिक योग्यता, तालिम वा अनुभवको सट्टा देहायको शैक्षिक योग्यता, तालिम वा अनुभव राखिएको छः

| क्र.सं. | पद | शैक्षिक योग्यता, तालिम वा अनुभव | कैफियत |
|---|---|---|---|
| १ | प्रशिक्षक | मान्यताप्राप्त शिक्षण संस्था/विश्वविद्यालयबाट सम्बन्धित विषयमा स्नातक तह उपाधि प्राप्त गरी प्रशिक्षक प्रशिक्षणको तालिम लिएको वा सम्बन्धित विषयमा प्रमाणपत्र डिप्लोमा तह उत्तीर्ण गरी प्रशिक्षक प्रशिक्षण तालिम लिएको र कम्तीमा ३ वर्षको कार्य अनुभव भएको वा सम्वन्धित विषयमा सीप तह-२ उत्तीर्ण गरी ३ वर्षको कार्य अनुभव भएको।<br>तर प्रशिक्षक सूचीकृत हुन आउने सूचना प्रकाशन पश्चात् प्रशिक्षणका लागि योग्यता प्राप्त कुनै प्रशिक्षक सूचीकृत हुन नआएको सन्दर्भमा सहायक प्रशिक्षकको योग्यता प्राप्त व्यक्तिलाई प्रशिक्षकको रुपमा लिई प्रशिक्षण प्रदान गर्न सकिनेछ। यसरी लिइएको प्रशिक्षकको पारिश्रमिक सहायक प्रशिक्षक सरहको हुनेछ। | |

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) उपदफा (१) को प्रयोजनका लागि परम्परागत तथा रैथाने प्रकृतिको सीपमूलक तालिम सञ्चालनको लागि प्रथमपटक सूचना प्रकाशन बमोजिम उल्लेखित योग्यता पुगेको प्रशिक्षक/सहायक प्रशिक्षक सूचीकृत हुन नआएको हकमा सम्भव भएसम्म सोही प्रकृतिको कम्तिमा ३ वटा तालिममा प्रशिक्षकको रुपमा काम गरेको प्रशिक्षक र २ वटा तालिममा सहायक प्रशिक्षकको रुपमा काम गरेको सहायक प्रशिक्षकको रुपमा छनौट गर्नुपर्नेछ। यसरी पनि प्रशिक्षक तथा सहायक प्रशिक्षक सूचीकृत हुन नआएको अवस्थामा रैथाने सीप र अनुभव प्राप्त व्यक्तिलाई प्रशिक्षक तथा सहायक प्रशिक्षक रुपमा छनौट गरी तालिम सञ्चालन गर्न सकिनेछ। यसरी रैथाने सीप र अनुभवका आधारमा छनौट भएका प्रशिक्षक र सहायक प्रशिक्षकलाई सहायक प्रशिक्षकले पाउने पारिश्रमिक प्रदान गर्नुपर्नेछ।

मा.मन्त्री

*स्पष्टिकरणः यस उपदफा प्रयोजनका लागि परम्परागत तथा रैथाने प्रकृतिका सीपमूलक तालिम भन्नाले अनुसूची -१ बमोजिमका परम्परागत तथा रैथाने तालिम सम्झनुपर्छ।"*

३. मूल कार्यविधिको दफा १८ मा संशोधनः मूल कार्यविधिको दफा १८ को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-

"(४) कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्ने प्रशिक्षकलाई कार्यालयले तोकेको ढाँचा र प्रशिक्षार्थीलाई अनुसूची -१३ बमोजिमको ढाँचामा प्रमाणपत्र प्रदान गर्नेछ।"

४. मूल कार्यविधिको दफा २१ मा संशोधनः (मूल कार्यविधिको दफा २१ को;-

(१) उपदफा (२) र (३) को सट्टा देहायको उपदफा (२) र (३) राखिएको छ :

"(२) यस कार्यविधि बमोजिमको तालिम कार्यक्रममा प्रविधि हस्तान्तरण तथा बस्तुगत टेवा प्रदान गर्दा प्रशिक्षार्थीको २० प्रतिशत लागत साझेदारी हुनेगरी गर्नुपर्नेछ।

तर, सीप परीक्षण गराउने भनी तोकिएको कार्यक्रममा प्रविधि हस्तान्तरण वा बस्तुगत टेवा प्रदान गर्दा सीप परीक्षणमा उत्तीर्ण प्रशिक्षार्थीले मात्र प्रविधि प्राप्त गर्न सक्नेछ।"

"(३) उपदफा (२) बमोजिम प्रविधि तथा बस्तुगत टेवा प्राप्त गर्नेले प्रविधि तथा बस्तुगत टेवामा २० प्रतिशत लागत सहभागिता बापतको रकम प्रदेश लेखा इकाई कार्यालयको विविध खातामा जम्मा गरेपश्चात् मात्र साझेदारी भएको मानिनेछ।"

(२) उपदफा (४) पछि देहायको उपदफा (५) थप गरिएको छः-

"(५) उपदफा (१) बमोजिमको तालिममा सहभागी भएका प्रशिक्षार्थीबाहेक अन्य प्रविधि हस्तान्तरण तथा वस्तुगत टेवा सम्बन्धी कार्यक्रममा पनि लागत साझेदारीको अंश २० प्रतिशत नै रहनेछ। तर, त्यस्तो प्रविधि हस्तान्तरण तथा बस्तुगत टेवा प्राप्त गर्न कार्यालयमा दर्ता भई निरन्तर ४ वर्षदेखि सञ्चालनमा रहेको फर्म वा उद्योग हुनुपर्नेछ। यसरी प्रविधि हस्तान्तरण वा बस्तुगत टेवा प्रदान गर्दा विगत ३ वर्षदेखि अन्य कुनै निकायबाट प्रविधि हस्तान्तरण तथा बस्तुगत टेवा प्राप्त नगरेका फर्म वा उद्योगलाई मात्र छनौट गर्नुपर्नेछ।"

५. मूल कार्यविधिको अनुसूची -१ मा संशोधनः मूल कार्यविधिको अनुसूची-१ को सट्टा देहायको अनुसूची -१ राखिएको छः-

अनुसूची -१

(दफा २(क) सँग सम्बन्धित)

लुम्बिनी प्रदेश सरकार उद्योग, पर्यटन तथा यातायात मन्त्रालय ... नेपाल

सीप परीक्षण गराउने तथा रैथाने र परम्परागत सीप संरक्षण सम्बन्धी तालिमको बर्गिकरण

| सीप परीक्षण गराउने तालिम कार्यक्रमहरु | रैथाने र परम्परागत सीप संरक्षण तालिम कार्यक्रम (१५ दिनदेखि ४५ दिन सम्मका) |
|---|---|
| प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) बाट सीप परीक्षण | आरन पेशा व्यवसायसँग सम्बन्धित तालिम |
| | कम्पोष्ट मल बनाउने सम्बन्धी तालिम |
| | काष्ठकला, ललितकला तथा मूर्तिकलासँग सम्बन्धित तालिम |

मा.मन्त्री

| | |
|---|---|
| गराउन मिल्नेगरी पाठ्यक्रम निर्माण भएका सबै सीपमूलक तालिमहरु। | करुवा/भाँडावर्तन बनाउने तालिम |
| | रैथाने उत्पादन (पटेर, थाकल, केरा, मकै आदि) मा आधारित हस्तकला लगायत अन्य सामग्री निर्माण |
| | मेशिनरी औजार मर्मत तालिम |
| | फलफूलजन्य जुस उत्पादन तथा प्याकेजिङ |
| | चुरापोते/गरगहना बनाउने तालिम |
| | माटोका भाँडा बनाउने, प्लाष्टिक मोल्डिङ तथा सेरामिक्स तालिम |
| | अम्रिसो कुचो बनाउने तालिम |
| | बाँस तथा वेतबाँसबाट सामग्री बनाउने तालिम |
| | उँखु क्रसिङ/कफी उद्योग तथा प्याकेजिङ तालिम |
| | शैलुन/व्यूटिसियन/व्यूटिपार्लर सम्बन्धी तालिम |
| | अगरवत्ती/धुप बनाउने तालिम |
| | परम्परागत वाद्यवादन सम्बन्धी तालिम तथा स्तरोन्नति |
| | अचार बनाउने तालिम |
| | दुना टपरी बनाउने तालिम |
| | काठको भाँडा तथा ठेकी बनाउने तालिम |
| | गार्मेण्ट/सिलाइकटाई/ अल्लो प्रोसेसिङ/राडी, पाखी, गलैंचा बुनाई/उनका कपडा बुनाई/घरबुना कपडा सम्बन्धी सम्पूर्ण तालिम |
| | स्लेट ढुङ्गा/सिलौटो बनाउने सम्वन्धी तालिम |
| | रैथाने सीप तथा अनुभव प्राप्त व्यक्ति तथा संस्थाहरुबाट प्रदान गर्न सकिने अन्य यस्तै प्रकारका सीपयुक्त तालिम कार्यक्रमहरु। |

लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा यातायात मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

मा. मन्त्री